# कोभिड –१९ बाट मृत्यु भएका व्यक्तिको शव व्यवस्थापन गर्दा ध्यान दिनुपर्ने कुराहरु



## गर्न पर्ने

शव व्यवस्थापन गर्दा मृतक र तिनका परिवारको आदर र संरक्षणमा ध्यान दिनुपर्दछ। साथै धर्म, संस्कृति तथा रीतिरिवाज अनुसार जुन ठाउँमा मृत्यु भएको हो सोही ठाउँको स्थानीय निकायको समन्वयमा तोकिएको स्थानमा नै विशेष सावधानी अपनाई सम्मानपूर्वक अन्त्येष्टि गर्नुपर्दछ।

परिवारको चाहना र स्थानीय तहको नीति नियम तथा सुझाव अनुसार शवको अन्तिम संस्कार गरिनु पर्दछ।

शव व्यवस्थापनमा संलग्न हुने व्यक्तिहरूले कोभिड–१९ को बारेमा पर्याप्त ज्ञान, व्यक्तिगत सुरक्षाको सामग्री (PPE) लगाउने र फुकाल्ने तरिका तथा शव व्यवस्थापन सम्बन्धी विशेष तालिम प्राप्त गरेको हुनु पर्दछ।

शव व्यवस्थापन गर्ने व्यक्तिहरूले अनिवार्य रूपले व्यक्तिगत सुरक्षाका सामग्री (PPE) को प्रयोग गर्नु पर्दछ।

शव व्यवस्थापन गर्ने क्रममा प्रत्येक शवलाई बडी ब्यागमा वा नभएमा ६ मीटरको प्लाष्टिकमा बेर्नु पर्दछ।

मृतकका आफन्तले शव हेर्न चाहेमा कम्तिमा २ मीटर टाढैबाट हेर्नुपर्दछ। तर आफन्तले पनि सुरक्षाका सामग्री जस्तै मास्क र पन्जा भने लगाएको हुनुपर्दछ।

अन्त्येष्टि गर्नु पहिले आफ्नो कूल धर्म अनुसार फूलमाला चढाउने, पाठ गर्ने, पानी छर्कने जस्ता कार्य टाढैबाट गर्नुपर्दछ।

शवलाई सकेसम्म शव वाहनमा वा नभएमा यसका लागि छुट्याइएको विशेष वाहनमा ओसारपसारको व्यवस्था मिलाउनु पर्दछ।

यदि कुनै कारणबस अन्त्येष्टि कार्यमा ढिलाई भएको खण्डमा शवलाई अस्पतालको शव गृहमा लैजानु पर्दछ।

मृतकको उद्दार, शवको ओसारपसार, परीक्षण, भण्डारण, अन्त्येष्टि गरिएको तरिका र स्थानको अभिलेखीकरण गर्नु अनिवार्य छ।

शवको खरानीले कुनै जोखिम पैदा गर्दैन भन्ने कुरा सर्वसाधारणलाई जानकारी गराउनु पर्दछ।

पछि प्रयोग गर्न मिल्ने सामग्रीहरू जस्तै स्ट्रेचर, ओछ्यान, टेवल, वाहन, घडी, सिक्री, औंठी आदि तथा अन्य औजारहरू ०.५% सोडियम हाइपोक्लोराइट वा ७०% भन्दा बढि अल्कोहलको मात्रा भएको सेनिटाइजर प्रयोग गरी निर्मलीकरण गर्नु पर्दछ।

व्यक्तिगत सुरक्षाका सामग्री (PPE) र शव ढाक्न प्रयोग भएका सामग्रीहरू सुरक्षित तरिकाले विसर्जन गर्नु पर्दछ ।

शव व्यवस्थापन गरिसकेपछि तत्कालै साबुन पानीले मिचिमिचि हात धुनुपर्दछ वा सेनिटाइजरले राम्ररी सफा गर्नु पर्दछ ।

आइसोलेसन, क्वारेन्टाइन वा घरमा रहँदा कोभिड–१९ सँग मिल्लाजुल्दा लक्षण भई मृत्यु भएको अवस्थामा कोभिड–१९ हो वा होइन भनी पत्ता लगाउन जरूरी भएकाले कोभिड–१९ को प्रयोगशाला परीक्षण गराउनु पर्दछ। परीक्षणका लागि CCMC को हटलाइन नम्बर ११४० मा फोन गरी जानकारी लिने र सोही अनुसार गर्ने/गराउनु पर्दछ।

## गर्न नहुने

मृतकहरूको शव व्यवस्थापनमा संलग्न रहुन्जेल खाने, पिउने र मुख तथा अनुहारमा छुनु हुँदैन।

मृतकको शव व्यवस्थापन गर्दा गर्दैको अवस्थामा अन्य गतिविधि वा कार्यमा संलग्न हुनु हुँदैन।

शव व्यवस्थापन कार्यमा बढि भीड गर्नु हुँदैन।

नातेदार र प्रियजनहरूले शवलाई छुने, नजिक जाने वा अंगालो हाल्ने जस्ता काम गर्नु हुँदैन। शव व्यवस्थापनमा खटिनेले त्यस्तो कार्यलाई रोक्नुपर्दछ।

प्रयोग गरेको सुरक्षाका सामग्री (PPE) र अन्य सामग्रीको उचित व्यवस्थापनका साथै सम्पूर्ण प्रक्रियाको अभिलेखीकरणमा लापर्वाही गर्नु हुँदैन ।

बालबालिका, वृद्धवृद्धा तथा दिर्घरोगीहरुलाई अन्त्येष्टि कार्यमा समावेश गराउनु हुँदैन।

## याद गर्नुहोस्

"शव व्यवस्थापनका लागि एम्बुलेन्सको प्रयोग गर्नु हुँदैन।"

"शवको खरानीले कुनै जोखिम पैदा गर्दैन।"

घरमै बसौं, सुरक्षित रहौं !!!

COVID-19 Crisis Management Center (CCMC-Ops)
Chhauni, Kathmandu

नेपाल रेडक्रस सोसाइटी

ICRC